श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले उच्च माध्यमिक शिक्षा ऐन, २०४६ को दफा १ को उपदफा १.२ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन नेपाल अधिराज्यभर मिति २०४६ साल फागुन १२ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
रमेशजंग थापा
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३१ को उपदफा (१) को प्रयोजनको लागि देहायका क्षेत्रहरूको लागि देहायबमोजिमका अधिकारीहरू तोकेको छ ।

१. पूर्वाञ्चल विकास क्षेत्रको लागि सडक विभागका पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयको क्षेत्रीय निर्देशक ।

२. मध्यमाञ्चल विकास क्षेत्रको लागि सडक विभागको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयको क्षेत्रीय निर्देशक ।

३. पश्चिमाञ्चल विकास क्षेत्रको लागि सडक विभागको पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयको क्षेत्रीय निर्देशक ।

४. मध्यपश्चिमाञ्चल विकास क्षेत्रको लागि सडक विभागको मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयको क्षेत्रीय निर्देशक ।

५. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको लागि सडक विभागको सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका क्षेत्रीय निर्देशक ।

आज्ञाले,
मुक्तिप्रसाद कापले
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६४